# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७३ जेष्ठ २७ गते

## बन्दका कारण नागरिकको जनजीवन कष्टकर भएकोप्रति आयोगको गम्भीर ध्यानाकर्षण

नेकपा माओवादी विप्लव समुहले आह्वान गरेको बन्दले नागरिकको जनजीवन कष्टकर भएकोप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । बन्दका क्रममा विभिन्न स्थानमा सवारी साधनमा आगजनी तथा तोडफोड भएको आयोगको अनुगमनबाट पाइएको छ ।

बन्दका कारण सवारी साधन नचलेपछि सर्वसाधारण नागरिकलाई आवत-जावतमा कठिनाई भएको, दैनिक रोजगारी लगायत शैक्षिक संस्था, कलकारखाना बन्द हुँदा दैनिक मजदुरी गरेर खाने वर्ग र विद्यार्थी बढी मारमा परेका छन् ।

बन्दले नागरिकको स्वतन्त्रतापूर्वक हिड्डुल तथा व्यापार, व्यवसाय गर्न पाउने अधिकार कुण्ठित भएको छ । विरोधका कार्यक्रम शान्तिपूर्ण र मर्यादित बनाउन आयोग बन्दकर्तालाई आग्रह गर्दछ । बन्दका क्रममा घाइते भएकाहरुको निःशुल्क उपचारको व्यवस्था मिलाउन आयोग सरकारको ध्यानाकर्षण गराउँदछ ।

बन्दले जनजीवन अत्यन्त कष्टकर हुने हुँदा यसतर्फ संवेदनशील बन्दै आपसी छलफल, संवाद र वार्ताको माध्यमबाट सहमति खोज्न आयोग नेपाल सरकार र बन्दकर्तालाई आग्रह गर्दछ ।

मोहना अन्सारी

सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal